# नमूना प्रश्नपत्र-2021-22

## विषय नेपाली-(124)

## कक्षा 12 (बाह्र)

निर्धारित समयः 90

अधिकतम अङ्कः 40

# सामान्य निर्देश

**भाग -1**

**निम्नलिखित निर्देशनलाई ध्यानपूर्वक पढ़ेर पालन गर्नुहोस्।**

**भाग 1 मा वस्तुपरक प्रश्नहरू सोधिएका छन्।**

- ♦ कूल 50 वटा प्रश्न सोधिएका छन् जो वैकल्पिक प्रश्नहरू छन् जसमध्ये 40 वटा प्रश्नका उत्तर दिन अत्यन्त जरूरी छ।
- ♦ सही उत्तर भएको गोलामा केवल निलो वा कालो मसी भएको बल पेनले भर्नुपर्ने हुन्छ।
- ♦ भाग एकमा कूल 5 वटा प्रश्न सोधिएको छ। निर्देशनलाई पालन गर्दै सोधिएका वस्तुपरक प्रश्नका उत्तर दिनुहोस्।

www.careerindia.com

# SAMPLE QUESTION -2021-22
# CLASS XII-124

***Time allowed: 90 Minute*** ***Max. Marks: 40***

| | |
|---|---|
| **1. निम्न (15) वटा प्रश्नहरू मध्ये (12) वटा प्रश्नका उत्तर दिन अत्यन्त जरूरी छ ।** | **[1x12=12]** |
| क) निम्न पद्यांश....... छन्दमा लेखिएको छ।<br>*'न त आपद भाग्य न केहि छ यो*<br>*सब खेल यसै मनको बुझ हो'*<br>(i)शालिनी<br>(ii) तोटक<br>(iii) अनुष्टुप<br>(iv) मालिनी | |
| ख. वार्णिक छन्दमा .......वर्णको एक गण हुन्छ।<br>(i) एक<br>(ii) दुई<br>(iii)तीन<br>(iv) चार | |
| ग. अन्त्यमा लघु हुने गणलाई .......... भनिन्छ।<br>(i) य गण<br>(ii) त गण<br>(iii) स गण<br>(iv) म गण | |
| घ. तलको कुन विकल्पमा चिह्न र गणको जोड़ी सही छैन?<br>(i) SSS म गण<br>(ii) ।S। न गण<br>(iii) SS। त गण<br>(iv) ।S। ज गण | |
| ङ. मध्य गुरु हुने गणलाई......... भनिन्छ।<br>(i) न गण<br>(ii) ज गण | |

www.careerindia.com

CAREERINDIA

| | |
|---|---|
| (iii) भ गण<br>(iv) र गण | |
| च. 'भारत' शब्दको सही गण सङ्केत कुन हो ?<br>(i) ऽ।।<br>(ii) ऽऽऽ<br>(iii) ऽऽ।<br>(iv) ऽ।ऽ | |
| छ. तलको कुन विकल्पका अक्षरहरू सबै लघु हुन् ?<br>(i) अ,इ,उ,ऋ<br>(ii) आ,ई,ऊ,ए<br>(iii) पा,पी,पु, पौ<br>(iv) रे, रै, रो, रा | |
| ज. काव्यको आभूषणलाई ...... भनिन्छ।<br>(i) छन्द<br>(ii) लय<br>(iii) अलङ्कार<br>(iv) कविता | |
| झ. लौकिक छन्दका......... भेद छन्।<br>(i) दुई<br>(ii) तीन<br>(iii) चार<br>(iv) पाँच | |
| ञ.मै खाऊँ म लाऊँ सुख सयल वा मोज म गरूँ<br>म बाँचू, मै नाँचू अरू सब मरून् दुर्बलहरू<br>उक्त पंक्तिहरू....... छन्दमा पर्छ।<br>(i) शार्दुलविक्रीडित<br>(ii) शिखरिणी<br>(iii) स्वागता<br>(iv) तोटक | |
| ट. एउटै शब्दमा दुई वा दुईभन्दा बढ़ता अर्थ लुकेको भए त्यसलाई ........ अलङ्कार भनिन्छ।<br>(i) यमक | |

www.careerindia.com

CAREERINDIA

| | |
|---|---|
| (ii) रूपक<br>(iii) श्लेष<br>(iv) उत्प्रेक्षा | |
| ठ. 'अब तिमी चिन्तामात्र गर्ने की डाक्टर पनि देखाउने'उक्त पङ्क्ति कुन अलङ्कारमा पर्छ ?<br>(i) श्लेष<br>(ii) अनुप्रास<br>(iii) रूपक<br>(iv) उत्प्रेक्षा | |
| ड. अर्थमा चमत्कार हुने अलङ्कारलाई ........ भनिन्छ।<br>(i) अतिशयोक्ति<br>(ii) उभयलङ्कार<br>(iii) अर्थालङ्कार<br>(iv) शब्दाङ्कार | |
| ढ. उपमा र उपमेयको सुन्दर सादृश्य ........... अलङ्कार हो।<br>(i) उपमा<br>(ii) उपमेय<br>(iii) उपमान<br>(iv) साधारण धर्म | |
| ण. अन्तमा गुरु हुने गणलाई ............... भनिन्छ।<br>(i) न गण<br>(ii) ज गण<br>(iii) त  गण<br>(iv) र गण | |
| **2.निम्नलिखित पद्यांश पढ्ेर 6 वटा प्रश्नहरूमध्ये कुनै 5 प्रश्नहरूका उत्तर दिनुहोस्।** | **[1x5=5]** |
| आँकुरा, पिपिरा, साना, काइना, चिउला, टुसा।<br>निस्के झपक्क सर्वत्र साह्रै कलकलाउँदा<br>समाते सूर्यले फेरि उत्तराऽऽकाशको गति।<br>प्रतापीको सदाकाल किन हुन्थ्यो अधोगति।।<br>दिनमा दीर्घता आयो रातले लघुता लियो।<br>ऋतुराजत्वको सच्चा योग्यता स्पष्ट देखियो।<br>दीपका बीचमा मैला धूवाँ झैं गुप्त भैकन। | |

www.careerindia.com

| | |
|---|---|
| अलिअलि चढेको छ दिनमा धमिलोपन ।।<br>जुन जीवनको भाग रातको दिनमा सर्यो।<br>उसैले दिनको कान्ति पक्का केही फिका गर्यो।।<br>ऋतुनायकले घाम मन्दै गर्ने लिई सुर<br>तुवाँलोको मिही पर्दा लगायो कि सबैतिर? ।।<br>पृथिवी छन् शुगारङ्गी पिपिराहरुले गरी।<br>हरियो रेशमी सारी लायेकी प्रमदासरी।।<br>वनमा वागमा राम्रा पुष्प लाखौं थरी फुले।<br>कुसुमाऽऽकर यो नाम सार्थ पार्यो वसन्तले।।<br>बेली, जाई, जुही, चम्पा, चमेली, मधुमाधवी<br>सबैमा भरियेको छ भरिलो मोहिनी छवि।।<br>पुन्नाग, कामिनी, कीप, कल्की, बकुल, मालती।<br>साराको भिन्न भिन्नै छ वासना रूप आकृति।।<br>रसिला फूलमा आई रसिलो दक्खिना हवा।<br>कुन कारणले होला बिस्तारै गर्छ वाहः वा।।<br>साना छुनुमुनू गर्ने बाल झैं कलिला फूल<br>ढुलुमुलु भई झुल्छन् बहँदा वायु शीतल।<br>बिस्तारै फूलका साथ खेली खेली मिलीजुली।<br>सुटुक्क वासना चोरी चल्छ सुस्तै हवा छली।।<br>रसवेतनका लोभी यद्वा भ्रमरशिक्षक।<br>आफनू जीविका गर्छन् पढाई पुष्पबालक।।<br>हाँसी मुसुक्क बिस्तारै शिर हल्लाउँछन् फुल।<br>भुमराको उही हुन्न के होला कुनको भुल।।<br>गुलाफको लगायेर विधिले लालमोहर।<br>दियेको हो कि वा बाग भृङ्गकै भोगखातिर?।।<br>भृङ्गले रस रित्त्याई चुसेर पुष्पवाटिका।<br>देखिन्छ वैरिविध्वस्त निर्धो देशसरी फिका।।<br>तालका सुरमा कोही सिपालू नटको सरी।<br>पुष्प पल्लवको निस्क्यो हावामा नृत्यमाधुरी।<br>झर्दछन् भेटनाबाट पुराना पुष्प बर्बरी।<br>स्वर्गीय पुण्यको भोग सकेका पुण्यवान्सरी।।<br>हावाको चालमा सारा पराग गगनैभरी।<br>फैलिँदो छ कविद्वारा वीरको वीरतासरी।।<br>परागै हो कि? त्यो माथि तुवाँलाको स्वरूपमा।<br>घाम केही फिका पारी चढेको अन्तरिक्षमा।।<br>तुवाँलाबाट निस्केका सूर्यको कान्ति माधुरी।<br>झल्कन्छ वनमा मानू सुनको तपकैसरी।।<br>वसन्तले बुनी आफैं मिही पल्लव चादर। | |

माथमा वनदेवीको चढायो कि मनोहर?।।
पालुवा फूल झैं राम्रा हलुका कपडाकन।
पहिरी दुनियाँ लाग्यो वसन्तैको सखा हुन।।
कसैको अब जाँदैन भद्दा कन्थाविषे मन।
कालाऽनुगारी सारङ्ग कवि झैं छन् सबै जन।।
दबाई जेबमा चम्पा लागे रसिक घूमन।
सुगन्धका कुनै साक्षात् मूर्ति जस्ता बनीकन।।
वियोगी पान्थका आगे रसिलो ऋतुनायक।
भयो भारतका लेखा कलि झैं दुःखदायका।।
नागले ऋतुसौन्दर्य हेर्नलाई उँभोतिर
पानीबाट निकाले कि पद्मका रूपमा शिर?।।

क. ''ऋतुराजत्वको सच्चा योग्यता स्पष्ट देखियो।'' यहाँ ऋतुराज भनेर ....... लाई मानिएको हो।
(i) हेमन्त ऋतु
(ii) वसन्त ऋतु
(iii) शरद ऋतु
(iv) वर्षा ऋतु

ख. विस्तारै फूलका साथ खेली-खेली मिलीजुली सुटुक्क वासना चोरेर कसले लान्छ?
(i) कमिलाले
(ii) चोरले
(iii) बाल-बालिकाले
(iv) हावाले

ग. चैत्र-वैशाख महिनामा पर्ने नाम...... हो।
(i) शिशिर
(ii) गृष्म
(iii) वसन्त
(iv) हेमन्त

घ. स्वर्गीय पुण्यको भोग भोगीसकेका पुण्यवान्सरी ......... झर्दछन्।
(i) स्वर्गबाट देवताहरू
(ii) भेटनाबाट पुष्पहरू
(iii) स्वर्गबाट परीहरू
(iv) आकाशबाट पानी
ङ. ''दियेको हो कि वा वाग भृङ्गकै भोगखातिर।'' यहाँ भृङ्ग भनेर ......... लाई भनिएको हो।
(i) राजा
(ii) चरा

www.careerindia.com

| | |
|---|---|
| (iii) भमरा<br>(iv) कमिला | |
| च. सुगन्धका कुनै साक्षात मूर्ति जस्तै भएर ........ घुमिरहेका हुन्छन्।<br>(i) रसिक<br>(ii) चम्पा<br>(iii) कवि<br>(iv) ऋतुनायक | |
| छ. ''नागले ऋतुसौन्दर्य हेर्नलाई उँभोतिर।<br>पानीबाट निकाले कि पद्मका रूपमा शिर।'' यहाँ 'पद्म'लाई के सँग तुलना गरिएको छ?<br>(i) पानी<br>(ii) शिर<br>(iii) नाग<br>(iv) ऋतु | |
| **3.निम्नलिखित पद्यांश पढ्ेर 6 वटा प्रश्नहरूमध्ये कुनै 5 प्रश्नहरूका उत्तर दिनुहोस्।**<br><br>कुइरामा कठै काग घुम्छन् अन्योलमा परी।<br>मायाले मुक्तिको मार्ग बिर्सेका विषयीसरी।।<br>आधा हिलामा लत्रेको पद्मका फूलको सरी।<br>कुइरामा दब्यो आधा दिनको कान्तिमाधुरी।।<br>हेमन्त सिन्धुमा घुम्दा कुइरोरूप मन्दर।<br>जगतै कछुवा बन्छ खुम्च्याई अङ्ग जर्जर।।<br>तेही मन्थनका छिर्का तुषाराको स्वरूपमा।<br>बर्र बर्र सबैतर्फ वर्षेका हुन् कि विश्वमा?।।<br>कम्ती भयो भने मैत्री शीतको कुइरोसित।<br>तुषारो जोरले हाँस्छ खित्का छोडेर खित्खित।।<br>बेलुका सुतदा अर्कै रङ्गमा सब सृष्टि छ।<br>बिहान उठदा अर्कै सेताम्मे हिमवृष्टि छ।।<br>लतावृक्ष तुषाराले सब पार्यो थिलोथिलो।<br>जिङ्रिङ्ङ वन देखिन्छ, शोभाशून्य उराठिलो।।<br>पक्षी कठै पखेटाको तुषारो टक्टक्याउन।<br>चाहन्छन् काठ्यिेका छन्, सक्तैनन् फट्फटाउन।।<br>न चराको कतै रङ्ग, न कतै पुष्पपल्लव।<br>तुषारामा डुब्यो सारा वनको महिमा सब।।<br>हरायो शीतको मारे वृक्षको बढ्ने गति। | **[1x5=5]** |

| | |
|---|---|
| अँठ्यायेपछि अर्काले कसको हुन्छ उन्नति?।।<br>जराले जीवको दिव्य यौवनज्योति झैं सब।<br>दबायो शीतधाराले शरत्को पुष्पगौरव।।<br>घुम्टो हालेर हुस्सूको शीतधारा चुहाउँदै।<br>बिहानमा अँध्यारी भै रुन्छिन् प्रकृति नै सधैं।।<br>बारुलाले सरी हर्दम्, ठण्डीले उग्र चिल्दछ।<br>भाग्यले औषधीतुल्य पाहार तर मिल्दछ।।<br>फाँडिये कण्टकप्रायः बढेका खर दूषण।<br>पियारो भोजनस्थान रह्यो अधमरा वन।। | |
| क. मायाले मुक्तिको मार्ग बिर्सेका विषयसरी कुइरामा..... घुम्छन्।<br>(i) गौथली<br>(ii) काग<br>(iii) बादल<br>(iv) पानी | |
| ख. हेमन्त ऋतुमा साह्रै ....... हुन्छ।<br>(i) घाम<br>(ii) पिरो<br>(iii) जाड़ो<br>(iv) गर्मी | |
| ग. बारूला सरी हर्दम.... उग्र चिल्दछ।<br>(i) ठण्डीले<br>(ii) सिस्नोले<br>(iii) बिच्छीले<br>(iv) मौरीले | |
| घ. रात्रि शुपर्णखा काली अँध्यारो मुख लाँदै।<br>हिमरावणका साथ गर्छे मानू कुरा रुँदै।।<br>उक्त पदमा रात्रिलाई...... सँग तुलना गरिएको छ।<br>(i) हिम<br>(ii) रात्री<br>(iii) रावण<br>(iv) शुपर्णखा | |
| ङ. कन्या विकामका भद्दा थाङ्नामा मस्त भै........ खुम्चिन थाले। | |

| | |
|---|---|
| (i) कवि<br>(ii) खुट्टा<br>(iii) गरीब<br>(iv) मन | |
| च. ......... जाडाको समयमा घड़ीतुल्य पला लाग्छन्, वर्षतुल्य घड़ी लाग्छ।<br>(i) हेमन्तलाई<br>(ii) गरीबलाई<br>(iii) वसन्तलाई<br>(iv) शरदलाई | |
| छ. मिहेमा धानका झुप्पा, घुम्दछन् गोरूधानमा<br>दर्येका धान वैरिन्छन् मस्त छन् सब धानमा।।<br>उक्त श्लोकले..........<br>(i) रोपाइँ गरेको प्रसंगलाई बुझाएको छ।<br>(ii) धानमाथि खेल्दै गरेको समयलाई समेटेको छ<br>(iii) दाइँ गरेको समयलाई समेटेको छ।<br>(iv) धान बोकेर हिँड़दै गरेको अवस्थालाई वर्णन गरेको छ। | |
| **4. निम्नलिखित गद्यांश पढ़ेर 13 वटा प्रश्नहरूमध्ये कुनै 10 प्रश्नहरूका उत्तर दिनुहोस्।** | **[1x10=10]** |
| मालिनीले शान्तिसित धेरै दिन बस्न पाइन। अनिष्टकर ग्रहले उसलाई फेरि पिर्न थाल्यो। एकदिन आइतबार बिहान जसे मालिनीको घरको सिकुवामा आएर थ्याच्च बस्यो। आइतबार छुट्टीको दिन हुनाले खानेकुरा बिस्तारै पकाउँला भनेर मालिनी घरको भुइँ रातो माटोले लिप्दैथिइ। उसले भित्रैबाट जसेलाई देखी। देख्नासाथ उसलाई झनक्क रीस उठ्यो, त्यसलाई सरापौं, तिरस्कार गरौं जस्तो लाग्यो तर उसले आफूलाई सम्हाली, अस्तीको जस्तो तमाशा नलागोस् भन्ने अभिप्रायले। उसले एक शब्द मुखबाट उच्चारण गरिन, बरू दैलो थुनेर कुना काप्चा केही बाँकी नराखी लिपिरही। त्यसरी लिपिसकेपछि अब जा जसे गयो होला, सिकुवाको डीलमा बसेर खुट्टा आँगनमा टेकाएको रहेछ। मालिनी के भनौं, कसो गरौं भई। एकछिन सोचेर उसले राम्रै मुखले भनी-''ए जसे दाजु , किन यहाँ आएर बसिरा'को? जाऊ आफ्नो घरमा , उठ यो सिकुवा लिप्छु। कस्तो लाज पचेको मान्छे। जाऊ है, अरूले देखे भने के भन्लान्। मलाई गाल नपार गरिखान देऊ, तिमेरू लोग्ने मान्छेलाई पो के छ र, जसो गरे पनि हुन्छ। मेरो बिन्ती जाऊ।''<br>''मलाई छेमा गर बैनी! त्यो शुन्ये घरमा बस्न मन लाग्दैन र यहाँ आ'को नरिसाऊ भूलचूक भैगौ, आज केही खा' को छुइँन, लौ घर लिप मो हिँड़े।'' यति भनेर उ त्यहाँबाट हिँड़यो। मालिनीले त्यो गएको हेरिरही अनि त्यो देखिन छाड़ेपछि मात्र सिकुवा लिप्ने कर्म शुरु गरी। | |

तर उसको यो लिपाइमा मनोयोग थिएन। लिप्दालिप्दै अड़िएर उसले उसले आफ्नो मनले भनेको सुनी यो मान्छे माफ माग्ने निहुँ लेसो लाग्न आएको ता हैन? के खालको एकोहोरे मान्छे? लिप्ने काम सिध्याएर उ गाग्रो टिपेर पानी भर्न गई।

पँधेरोमा हात गोड़ा राम्ररी धोएर गाग्रोमा पानी भरेर फर्की। त्यसपछि चुल्हो धन्धा शुरु गरे। अगेनामा भात पाकेको रुँग्दा जसेले अघि भनेको एक-एक शब्द उसको मनमा दोहोरियो। आ केही खा को छुइनँ भन्दै थियो, अस्तिको जाँड़ खाएको छुइनँ भनेको हो कि चियासम्म खाएको छुइनँ भनेको हो, उसलाई एकछिन भ्रम भयो। बिहानै घरमा आउनेलाई एक बटुको फिक्का चिया दिनु के हुन्थ्यो र? उसको कोमल नारी हृदयले प्रश्न गऱ्यो।

मालिनीका छिमेकीहरूलाई जसे त्यसरी त्यहाँ घरिघरि आएको निको छाँट लागेन। एउटी विधवाको घरमा उ त्यसरी धाएको असहनीय भयो। मौका हेरे एउटी छिमेककी स्वास्नी मान्छेले ता पच्कारेर भनी-''त्यो जसे अस्ति त्यस्तो भएर पनि फेरि किन आयो? किन त्यसरी आउ-जाऊ गर्न दिएको? आफ्नो धर्म बचाउ है, बैनी!''

यो सुनेर बिचरी मालिनीलाई मर्नु भयो। उसले प्रतिवाद गरी, '' म त्यति गैर होइन दिदी। मरेको लोग्नेको सच छोड़ेको छुइँन। त्यो गतिछाड़ा फेरी आएको थियो, टिक्न दिइँन, फेरी - फेरी आवोस त्यसलाई ठीक पार्न मैले जानेको छु।''

छिमेकीहरूका मनको शंका मेटिन पाएको थिएन, एक दिन सम साँझै फेरी एक्कासी मालिनीको घरबाट ''गुहार गुहार'' भनेको स्वर निस्केर आएको सबैले सुने। नोकर धुराका आइमाइ, लोग्ने मान्छे जम्मै मालिनीको आँगनमा पुगे। केटा-केटीहरू पनि ठूलाहरूलाई पछ्याउँदै तमासा हेर्न त्यहाँ थुप्रिए। आँगनमा उही जसे उभिरहेको थियो अनि मालिनी चाँहि हातमा मुङरो लिएर दैलोको छेउमा खड़ा थिइ। जसको मुखबाट जाँड़को गन्ध आइरहेको थियो अनि उ के-के भन्न खोज्थ्यो तर बोली स्पष्ट थिएन, लाग्ने गरी खाएछ। मालिनीलाई घटना वर्णन गर्न वा भो कसो भो बुझाउन आवश्यक परेन, सबैले कुरा बुझिहाले।

बड़ा बेहराकी स्वास्नीले अगुवा भएर भनी, ' त्यो मान्छेले साह्रो पिरो बैनी! बड़ा साहेबलाई रिपोर्ट गरिदेऊ। मुख हेरेर भएन, रिपोर्ट गरिदेऊ, त्यहाँदेखि त्यसको बाबुको बिहा देख्छ।'' जसे पट्टि फर्केर भनी, '' ए जसे! तँलाई दसाले साँच्चै कुतकुत्याएछ हगी। स्वास्नी मरेर खाएको गौंत गन्ध तेरो छातीबाट हराको छैन, तेरो चाँहि चाला एस्तो? बड़ा जोरी खोज्ने भइस हगी। अब यो कमानबाट तेरो उठी बास नलागी छाड़दैन। यहाँ अर्काको घरमा घरी-घरी के को तमासा? बरू जा फाल हालेर मर न पीर आइमे केटाकेटीलाई।''

कमानले दिएको एउटा ठूलो टोकरी थियो। जसेले त्यसैमा भाँड़ा- वर्तन मिलाएर हाल्यो। त्यसमाथि ओड़ने ओछ्याउने पटाई वरी हाल्यो अनि ती नहल्लिने र नखस्ने गरी डोरीले कस्यो। काठको सानो बाकसमा मालिनीले आफ्ना लाउने लुगा र अरु खत्राक खुत्रुक चीज मिलाएर हालेर बन्द गरी। मालिनीले डिप्रो बत्तीको सहाराले झोपड़ीभित्र कुना-काप्चा हेरी, केही छुट्यो कि भनेर। जसे झोपड़ीबाहिर आएर उभियो, छेउ-छाउ र टाड़ासम्म निरीक्षण गऱ्यो अनि कान ठाड़ा पाऱ्यो, चाल-चुल केही सुनिएन। भित्र पसेर जसेले नाम्लो लाएर टोकरी पिठ्यूँमा बोक्यो अनि मालिनीले हलुङ्गो काठको बाकस र निभाएको धिप्री बत्ती। मध्य रातमा दुनिया बिचेत भएको बेलामा मालिनीले जसेलाई आफ्नो अगुवा बनाएर मेकी कमानबाट बिदालिइ। दुवै चाल मारेर कमानको तेस्रोबाटो हिँड़न थाले। ठाउँ-ठाउँका घुरातिरबाट कुकुरहरू भुकेको नियो।

बड़ा साहेबको कोठीको भोटे कुकुर पाखा थर्काउने गरी भुकेको सुनियो। मालिनी डरले आत्ति। दुवैले अड़िएर कोठी भएको दिशातिर हेरी। एउटा बत्ती देखियो अनि त्यो बत्ती कोठीभित्र पसेर हरायो।
'' कुकुर भुक्दा चौकीदार लालटिन लिएर बाहिर हेर्न निस्केको होला, केही नदेखेर भित्र पस्यो।'' जसले अड़कल लाएर मालिनीले मात्र सुन्ने गरी भन्यो। दुवै हिँड़े तर मालिनीको डर हत्त पत्त हराएन। बारम्बार पछिल्तिर फर्कन्दै हेर्दै जसको पछि-पछि स्वाँ-स्वा गर्दै हिँड़ि। सेती खोलाको साघु नाघेपछि मालिनीको डर हरायो र दुवै बिस्तार-बिस्तार चोर बाटो लागे। चन्द्रमाले साथ दिए। आकाश उग्रेको थियो। अर्धचन्द्र र तारामण्डलले आकाश सुसोभित भएको थियो। केवल समय-समयमा सिमलका भूवा जस्ता खण्डित बादल उड़ेर आएर चन्द्रमालाई छेल्यो र पृथ्वी तलमा कता-कता छायाँ पर्थ्यो। हेली कमानको शिरमा फारस लगाउँ आइपुग्दा भालेको पहिलो डाक सुनियो। चयनधोज सरदारको घर बन्द नै थियो। जाति नै भयो, नत्र उत्सुक भएर सरदार सरदारनीले खोजी निधि गर्ने थिए। के भन्नु? त्यसबाहेक ढिलो आवश्यक थियो। बरू पछि एकदिन आएर भेटघाट गराउँला यही सोच्दै जसे उकालो हिँड़ेको हिड्यै भयो। फारसको बाटो पार गरेर मूल सड़कमा आइपुग्दा पारी हिमालमा घामको टक परेको देखियो। सड़कको देवलमा भारी बिसाएर दुवै जनाले ढुक्क भएर धेरैबेर थकाइ मारे। उनीहरू जसेको बासामा आइपुग्दा ठ्याक्क ७ बज्यो।
आफ्ना छिमेकीहरू र दोकाने बाजेलाई जसले घरजम गर्ने सुइँको भरखर भर्खरै दिएको थियो। भारी तारी लिएर दुइ जना त्यहाँ पुग्दा नोकरानमा चहलपहल मच्चियो। छिमेकीहरूले घरभित्र पसेर मालिनीलाई धितमरून्जेल हेरे, रूप रङ्ग स्वास्थ्य राम्रो भएकी युवतीलाई देखेर सबै मुग्ध भए। तर उनका कुरा सुनेर मालिनी असमञ्जसमा परी, कहाँ जाउ के गरू भइ। जसको सहायता लिएर उ अवश्य कमानबाट भागेकी थिइ, तर जसकी दुलही हुन उसले स्थिर गरेकी थिइन्। ''हुइन, म जसे की दुलही हुन आएको होइन, कमान छाड़ेको मात्र भनूँ, त सोध्ने होला त्यो राम्ररी कोठीमा काम गर्दै गरेकी, कोही आफ्नत नभएकीले अत्तो न पत्तोमा कमान किन छाड्यो भन्ने साँचो कुरा कहि दिउँ भने, लौ साहेब सित बात लागेकी रैछ र पो भागिछ भन्ने होला, यहाँतक आइपुगे, अब यहाँबाट कहाँ जाउँ?''मालिनीको मनमा तर्क बितर्क एकछिन चल्यो। जसले सम्झँदा माया पनि लाग्यो फेरी उसले गुण सम्झी अनि उसले मन बढ़ता डुलाइन र अन्तिम फसेला गरी। हुन त उसको यति छिटो र एक्कासी कसैसँग फेरी घरबार गर्ने इच्छा थिएन तर परिस्थितिले गर्दा उ त्यसो गर्न राजी हुनै पर्‍यो। त्यस कुइरे की पुतली भएर अपमानित हुनुभन्दा वा धर्म गुमाउनु भन्दा यही ठिक छ भन्ने उसले ठानी। कसैको निन्दित वा हेला होँचो हुने सवालै उठ्दैन भनी कुरा ले उसको विचा रलाई अझ पुष्टि दियो।
उसलाई हेर्न आउनेहरू बाहिर गएपछि उसले जसेलाई भनी-''तिमीले जित्यौ, मैले हार मान्नै पर्‍यो।''
त्यो- बेलुका दोकाने बाजेले दुवैलाई टिको लाइदिएर, ''बिसासय आयु होस्, सुख सञ्चले र मेल मिलापसँग जुनी काट''- भन्ने आशिष दिए। जसेले पिता तुल्य बुढ़ालाई खुट्टामा ढोगी दियो, मालिनीले पनि भुइँ सोरेर ढोगी। छिमेकी मार्का-मार्कानी, बेहरानी र माली उसकी स्त्रीले पनि दुवैका निधारमा अक्षेता टाँसीदिए। सबैले मिलेर सानो तिनो भोज पनि लाए। दोकाने बाजे घरफर्केपछि मार्का र बेहराले घरबाट एक-एक बोतल रम लिएर आए अनि आधारात

CAREERINDIA

| | |
|---|---|
| सम्म पार्टी चल्यो।<br>क. उक्त गद्यांशमा  रहेका पात्रहरू जसे र मालिनी .... का प्रमुख पात्रहरू हुन्।<br>(i) जुनेली रेखा महाकाव्य<br>(ii) जुनेली रेखा कविता<br>(iii) जुनेली रेखा उपन्यास<br>(iv) जुनेली रेखा निबन्ध | |
| ख. आइतबार बिहान जसे घरमा आएको बेलामा मालिनी .........<br>(i) खानेकुरा पकाइसकेर खान आँटेकी थिइ<br>(ii) गाग्रीमा पानी लिएर आउँदै थिइ<br>(iii) जसेको प्रतीक्षामा बसिरहेकी थिइ<br>(iv) घरको भुइँ रातो माटोले लिप्दै थिइ | |
| ग. ''कस्तो लाज पचेको मान्छे। जाउ है, अरूले देखे के भन्लान।'' उक्त वाक्य .... भनेको /भनेकी हो।<br>(i) जसेले मालिनीलाई<br>(ii) मालिनीले जसेलाई<br>(iii) छिमेकीले मालिनीलाई<br>(iv) बड़ा बेहराकी स्वास्नीले जसेलाई | |
| घ. ''भूलचूक भइगो, आज केही खा'को छुइँन, लौ घर लिप मो हिँड़े।''<br>उक्त वाक्यमा ''आज केही खा'को छुइँन ले जसेले ..... भनेको हो।<br>(i) भात खाएको छुइँन<br>(ii) रक्सी खाएको छुइँन<br>(iii)पानी खाएको छुइँन<br>(iv) माथिका सबै उत्तर पर्याप्त छैनन्। | |
| ङ. जसे घरी-घरी मालिनीको घरमा आएको निको छाँट नलागेर असहनीय हुने ....हुन्।<br>(i) छिमेकीहरू<br>(ii) केटा-केटीहरू<br>(iii)बुढ़ा-पाकाहरू<br>(iv) माथिका सबै | |
| च. ''यहाँ अर्काको घरमा घरी-घरी के को तमाशा? बरू जा फाल हानेर मर, न पीर आइमे केटीलाई।''उक्त वाक्य ...... द्वारा लिखित उपन्यास जुनेली रेखाबाट लिएको हो। | |

www.careerindia.com

CAREERINDIA

| | |
|---|---|
| (i) लक्ष्मीप्रसाद देवकोटा<br>(ii) भानुभक्त आचार्य<br>(iii) इन्द्र सुन्दास<br>(iv) शिवकुमार राई | |
| छ .मालिनीले काठको सानो बाकसमा........ हालेर बन्द गरी।<br>(i).भाँडा-बर्तन<br>(ii).ओढ्ने-ओछ्याउने<br>(iii).आफ्ना लाउने लुगा र अरू खत्राक-खुत्रुक चीज<br>iv).इस्कुस र फर्सी | |
| ज.चौकिदार........... लालटेन लिएर बाहिर निस्केको होला, केही नदेखेर भित्र पस्यो।<br>(i).जसे र मालिनीलाई हेर्न<br>ii.कमान छोडेर जान<br>iii.कुकुर भुकेको सुनेर<br>iv.उक्त सबै | |
| झ.सेती खोलाको साँघु नाघेको समय.........।<br>i.पानी परिरहेको थियो।<br>ii.आकाश सुशोभित भएको थियो।<br>iii.अन्धकार थियो।<br>iv.हिमालमा घामको टक परेको थियो। | |
| ञ. ..........कमानको शिरमा फारस गाउँ आइपुग्दा भालेको पहिलो डाक सुनियो।<br>i.हेली<br>ii.तिमी<br>iii.मेकी<br>iv.सेती | |
| ट.होइन, म जसेकी दुलही हुन आएको होइन- यो वाक्य............।<br>i.मालिनीले नौकरानमा भनेको हो।<br>ii.मालिनीले दोकाने बाजेलाई भनेको हो।<br>iii.मालिनीको मनमा तर्क-वितर्क चलेको हो।<br>iv.मालिनीले चौकीदारलाई भनेको हो। | |
| ठ.जुनेली रेखा.......... उपन्यास हो। | |

www.careerindia.com

CAREERINDIA

| | |
|---|---|
| i.मनोवैज्ञानिक<br>ii.सामाजिक<br>iii.राजनैतिक<br>iv.विज्ञान | |
| **5. निम्नलिखित 10 प्रश्नमध्ये कुनै 8 वटा प्रश्नहरुका उत्तर दिनुहोस्।** | **[1x8=8]** |
| क. लेखनाथ पौड्याल....... प्रवृतिका कवि हुन्।<br>i.अध्यात्मवादी<br>ii.यथार्थवादी<br>iii.शास्त्रीयतावादी<br>iv.स्वच्छन्दतावादी | |
| ख. लेखनाथ पौड्यालले ऋतुविचार खण्डकाव्य कुन साहित्यकारबाट प्रभावित भएर लेखेका हुन्?<br>i.भानुभक्त आचार्य<br>ii.बालकृष्ण सम<br>iii.लक्ष्मीप्रसाद देवकोटा<br>iv.कालिदास | |
| ग. पिंजराको सुगा कविता के-को विरूद्ध लेखिएको प्रतीकात्मक कविता मानिन्छ?<br>i.प्रजातन्त्र<br>ii.राजतन्त्र<br>iii.राणा- शासन<br>iv.भ्रष्टचार | |
| घ. लेखनाथ पौड्यालको जन्म कहाँ भएको थियो?<br>i.काठमाण्डौ<br>ii.पोखराको कास्की जिल्ला<br>iii.धरान<br>iv.भक्तपुर | |
| ङ. लेखनाथ पौड्याललाई कुन उपाधिले सम्मानित गरिएको छ?<br>i.आदिकवि<br>ii.जातीय कवि<br>iii.आशुकवि<br>iv.कविशिरोमणि | |

www.careerindia.com

| | |
|---|---|
| च. तल दिइएको कृतिहरू मध्ये रामकृष्ण शर्माको निबन्ध संग्रह कुन हो?<br>i.जय गोर्खा<br>ii.शब्द शारदीय<br>iii.दस गोर्खा<br>iv.टेबलगफ-नौ बैठक | |
| छ.रामकृष्ण शर्मा कुन पत्रिकाका सम्पादक थिए?<br>i.भारतीय<br>ii.हिमाद्री<br>iii.शारदा<br>iv.गोर्खा | |
| च.रामकृष्ण शर्माको कुन समालोचना 'शारदा' पत्रिकामा प्रकाशित भएको थियो?<br>i.टेबलगफ- नौ बैठक<br>ii.अङ्ग्रेजी साहित्यको प्रभाव<br>iii.प्यारो सपना<br>iv.वीरगतिको धोको | |
| छ.रामकृष्ण शर्माको कृति 'गीतकुञ्ज' कुन विद्यामा पर्छ?<br>i.कविता<br>ii.महाकाव्य<br>iii.कथा<br>iv.खण्डकाव्य | |
| ज.रामकृष्ण शर्माको मृत्यु कुन सालमा भएको थियो?<br>i.१९८६<br>ii.१९८८<br>iii.१९८५<br>iv.१९८४ | |

www.careerindia.com